राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३८ | २०८२ माघ १८ गते आइतवार | (Sunday, 1 Feb., 2026) | पृष्ठ ४ | मूल्य रु. ५

### चुनावमा वाचा, जितेपछि धोका

# ८ वर्षअघि शिलान्यास सडक अझै बनेन



**द पब्लिक टुडे समाचारदाता**
**सिरहा, माघ १७ गते ।**
सिरहाको गोलबजार-लगदी-गदियानी सडक निर्माण कार्य करिब ८ वर्षअघि सुरु भयो। तत्कालीन भौतिक पूर्वाधार मन्त्री बसन्त नेम्वाङले सडक शिलान्यास गरेका थिए । तर अहिलेसम्म पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन । शिलान्यास भएको यतिका वर्ष बितिसक्दा पनि सडकको अवस्था उस्तै रहँदा स्थानीय बासिन्दा आक्रोशित छन् ।

सडक नबन्दा सवारीसाधन चल्दा उड्ने धुलो-धुवाँले बालबालिका, वृद्ध-वृद्धा र महिलासहित सबै उमेर समूह प्रभावित भएका छन् । धुलोका कारण आँखा पोल्ने, खोकी लाग्ने, श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गरेको स्थानीय बताउँछन् ।

स्थानीय बौकीदेवी मुखियाले पीडा व्यक्त गर्दै भनिन्, 'आठ वर्षदेखि सडक नबन्दा हामी धुलो खान बाध्य छौँ । आँगनमा बसेर खाना खानुपर्दा भात-दालसँगै धुलो खानुपर्छ । छोराछोरी धुलो-धुवाँले बिरामी भइरहेका छन् ।'

उनका अनुसार, चुनाव नजिकिँदा नेताहरू सडक बनाइदिन्छौँ भनेर आउने गर्छन्, तर चुनाव सकिएपछि फर्केर हेर्दैनन् ।

सिरहा क्षेत्र नम्बर ३ मा दुई पूर्वमन्त्रीसहित ३ दर्जनभन्दा बढी उम्मेदवार छन् । नेकपा एमालेबाट पूर्वमन्त्री लिलानाथ श्रेष्ठ र नेकपाबाट पूर्वमन्त्री विश्वनाथ साह उम्मेदवार छन् ।

यस्तै जसपा नेपालबाट अशेश्वर यादवले उम्मेदवारी दिएका छन् । उनी यसअघि २०७४ मा एमालेका लिलानाथ श्रेष्ठसँग झिनो मतान्तरले पराजित भएका थिए । कांग्रेसबाट सुभाषचन्द्र यादवलाई उम्मेदवार छन् । उनी पूर्वमन्त्री एवं कांग्रेसकी पूर्वकोषाध्यक्ष सीतादेवी यादवका छोरा हुन् । जनमत पार्टीबाट रोहित महतो र रास्वपाबाट शम्भु यादव उम्मेदवार छन् ।

मत माग्दै गाउँगाउँ डुलिरहेका उनीहरुले सडक निर्माणलाई पनि मुद्दा बनाएका छन् । तर स्थानीयलाई छिट्टै बन्ला भन्नेमा विश्वास लागिरहेको छैन । स्थानीय कैली राम चिन्ता व्यक्त गर्दै भन्छन्, 'भोट हाल्दा-हाल्दै मर्ने उमेर भइसक्यो, तर लगदी-गदियानी सडक कहिले बन्छ थाहा छैन । मेरो पालामा कालोपत्रे देख्न पाइएला जस्तो छैन ।'

यस क्षेत्रका मतदाताहरू अब भाषण गर्ने होइन, काम गरेर देखाउने नेतृत्व खोजिरहेका छन् । पटक-पटक चुनावमा जितेर जाने तर जनताको समस्या वर्षौंसम्म नसुन्ने नेताप्रति

*- बाँकी पृष्ठ ३ मा*

# बढ्यो पेट्रोलियम पदार्थको मूल्य



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १७ गते ।**
नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ ।

निगमले भारतीय आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य समायोजन गरिएको जनाएको हो ।

नयाँ मूल्यसूची अनुसार पेट्रोल र डिजेलमा प्रतिलिटर केही रुपैयाँ वृद्धि गरिएको छ भने आन्तरिक हवाई इन्धनको मूल्य घटाइएको छ । अन्तर्राष्ट्रिय उडानतर्फ हवाई इन्धनको मूल्य काठमाडौं, पोखरा र भैरहवाका लागि फरक-फरक तोकिएको छ । नयाँ खुद्रा बिक्री मूल्य २०८२ माघ १९ गते राति १२ बजेदेखि लागु हुने निगमले जनाएको छ ।

जसअनुसार बढेर आएको भए पनि हाललाई डिजेल तथा मट्टीतेल ३ रुपैयाँले वृद्धि गरिएको निगमले जनाएको छ । त्यस्तै ग्यासको मूल्य ४५ रुपैयाँले बढेर आए पनि हाललाई यथावत् राखिएको पनि निगमले एक सूचनामार्फत जनाएको छ । पेट्रोलको मूल्य यथावत् राखिएको छ ।

सूचना, समाचार र मनोरञ्जनका लागि

**सामुदायिक रेडियो दर्पण ८८.४ मेगाहर्ज**

**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# प्याब्सन मधेशको प्रदेश परिषद् भेला सम्पन्न

## राजनीतिक नियुक्तीकै कारण सामुदायिक विद्यालयको गुणस्तर खस्कियो : मुख्यमन्त्री यादव

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, माघ १७ गते ।**
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मधेश प्रदेशको दोस्रो प्रदेश परिषद् भेला सम्पन्न भएको छ । शनिवार धनुषाको मिथिला बिहारी नगरपालिकाको पुरन्दाहास्थित रहेको कल्चर भिलेजमा प्याब्सन मधेश प्रदेशका अध्यक्ष गणेश साहको अध्यक्षता तथा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको प्रमुख आतिथ्यमा उक्त भेला सम्पन्न भएको हो ।

परिषद् भेलामा प्रदेशका आठवटै जिल्लाका प्याब्सनिस्टहरुको सहभागिता रहेको थियो । भेलालाई प्याब्सनका केन्द्रिय अध्यक्ष कृष्ण प्रसाद अधिकारी, सहअध्यक्ष गोपाल आचार्य, केन्द्रिय प्रमुख सल्लाहकार डिके ढुंगाना, सल्लाहकार गोपाल कार्की, प्याब्सनका मधेश प्रदेश समितिका सल्लाहकार नरेन्द्र शर्मालगायतले सम्बोधन गरेका थिए ।



भेलाले शिक्षा क्षेत्रमा निजी विद्यालयहरूको योगदान निर्णायक रहेको ठहर गर्दै निजी विद्यालय नभएको भए देशकै शिक्षा अवस्था धराशायी हुने निष्कर्ष निकालेको छ । राज्यका विभेदकारी नीतिकै कारण निजी विद्यालयहरू अप्ठ्यारोमा परेको भन्दै भेलाले त्यसप्रति गम्भीर ध्यानाकर्षण गराएको छ ।

कार्यक्रममा प्याब्सनिस्ट वक्ताहरुले सामुदायिक विद्यालयका शिक्षक सरह निजी विद्यालयका शिक्षकहरूलाई पनि राज्यबाट वृत्ति विकास तथा दक्षता अभिवृद्धिजस्ता तालिमको व्यवस्था गर्नुपर्ने माग गरेको छ। उनीहरुले राज्यले निर्दिष्ट गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक पूर्ण रूपमा लागू गर्न निजी विद्यालयहरू प्रतिबद्ध रहेको सन्देश दिएका छन् ।

गुठीमा लैजाने विषयमा आपत्ती जनाउँदै आएका उनीहरुले निजी विद्यालयको स्वायत्तता अनिवार्य रहेको अडान दोहोऱ्याए । प्रत्येक निजी विद्यालयले कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको तथ्यलाई राज्यले नजरअन्दाज गर्न नहुने उनीहरु उल्लेख गरेको छ । उनीहरुले देशभर निजी विद्यालयहरूले पाँच लाखभन्दा बढी शिक्षक तथा कर्मचारीलाई प्रत्यक्ष रोजगारी दिएको स्मरण गराएका छन् ।

शिक्षा क्षेत्रमा निजी विद्यालयहरूको योगदानलाई उपेक्षा नगर्न राज्यसँग आग्रह गर्दै प्याब्सनका केन्द्रिय सहअध्यक्ष गोपाल आचार्यले समुदायसँग सहकार्य गर्दै 'समुदायसँग निजी विद्यालय' जस्ता कार्यक्रम लिएर अघि बढ्नुपर्ने सुझाव दिएका छन् ।

भेलामा सहभागीहरूले राज्यलाई निरन्तर सहयोग गर्दै आए पनि राज्यकै तर्फबाट निजी विद्यालयहरूलाई असहयोग

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकीय............

# आचारसंहिता कागजमै सीमित नहोस्

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारहरुबीच आचारसंहिता उल्लंघनका घटनाहरु बढ्दै गएका छन् । एकअर्कामाथि अशिष्ट टिप्पणी, झुठा आरोप, तोकिएकोभन्दा बढी खर्च, सरकारी स्रोतको दुरुपयोग र प्रचारमा बालबालिकाको प्रयोगजस्ता कार्यले निर्वाचनको मात्र होइन लोकतन्त्रकै मर्यादा कमजोर बनाइरहेका छन् ।

निर्वाचन आयोगसंग कानुनी अधिकार र स्पष्ट व्यवस्था हुँदाहुँदै पनि हालसम्म ठोस कारबाही नहुनु चिन्ताको विषय हो । ऐन र आचारसंहितामा जरिवानादेखि उम्मेदवारी रद्दसम्मको प्रावधान स्पष्ट छ । तर कारबाहीबिना आचारसंहिता प्रभावकारी हुन सक्दैन ।

निर्वाचनजस्तो संवेदनशील प्रक्रियामा आयोगले उजुरीको मात्र प्रतीक्षा गर्नु हुँदैन । जहाँ उल्लंघन देखिन्छ, त्यहीं तत्काल अनुगमन र कारबाही हुनुपर्छ । उम्मेदवार, राजनीतिक दल, सरकारी निकाय र पदाधिकारीलाई स्पष्टीकरण सोध्नु आयोगको अधिकार मात्र होइन कर्तव्य पनि हो । आचारसंहिता उल्लंघन गर्ने एक जनालाई मात्र भए पनि कडा कारबाही गरियो भने त्यसले सबैलाई सन्देश दिन सक्छ । त्यसैले गल्ती देख्नेबित्तिकै कारबाही गर्ने संस्कार बसाल्न ढिलाइ गर्नु हुँदैन ।

निर्वाचन स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन आचारसंहिता कडाइका साथ कार्यान्वयन हुनु अनिवार्य छ । होइन भने आचारसंहिता कागजको खोस्टोमा सीमित हुनेछ । समयमै प्रभावकारी अनुगमन र निष्पक्ष कारबाहीमार्फत निर्वाचन आयोगले आफ्नो विश्वसनीयता पुष्टि गर्न अब ढिलाइ गर्नुहुँदैन ।

## राशिफल

मेष – प्रभाव जमाउन सकिनेछ ।
वृष – स्वास्थ्यमा ध्यान पुर्याउनुहोला ।
मिथुन – व्यापारमा निकै फाइदा हुनेछ ।
कर्कट – लगानी बढाउनुपर्ला ।
सिंह – काममा बाधा पुग्नेछ ।
कन्या – खर्च हुने डरले सताउन सक्छ ।
तुला – काममा पछि परिनेछ ।
वृश्चिक – नोक्सान हुने देखिन्छ ।
धनु – खर्च हुने डरले सताउन सक्छ ।
मकर – बेवास्ता गर्दा दुःख पाइनेछ ।
कुम्भ – अप्ठ्यारोमा पार्न सक्छ ।
मिन – उपयोगबाट विशेष फाइदा हुनेछ ।

# चुनावमा उग्र राष्ट्रवाद होइन, परिपक्व राजनीति



–प्रा.डा.ऋषिकेश श्रेष्ठ

एक जना आध्यात्मिक गुरुले भन्नुभएको थियो , "मौनता आध्यात्मिक अनुशासन हो । " राजनीतिमा पनि मौनता कहिलेकाहीँ वाणी भन्दा प्रभावशाली हुन्छ । हाम्रो समाजमा विभिन्न प्रकारका मानिस छन् । एकथरी धेरै बोल्ने, मै हुँ', म मात्रै जान्दछु, अरूलाई केही थाहा छैन भन्नेहरू । अर्काथरी आफ्नो स्वार्थका लागि मात्र बोल्ने, वितर्क गर्ने, समाजलाई गुमराहमा राख्न सहीलाई झुटो र झुटोलाई सही भन्नेहरू । तेस्रो थरी ती दुवै पक्षका कुरा सुनेर आफ्नो विचार बनाउनेहरू । वर्तमान परिस्थितिमा चुनाव लक्षित केही व्यक्तिहरू भने झुटलाई सयौँ पटक सही हो भनेर चिच्याएर, घाँटी सुक्ने गरी कराएर भन्यो भने सही बनाउन सकिन्छ वा भ्रम सिर्जना गर्न सकिन्छ भनेर लागि परेको छन् ।

केही व्यक्तिहरू "नङ्गा नाचे हजार दाउ" भन्ने सोच लिएर मैदानमा उत्रिएका छन् । जोडतोडले वाक युद्ध चलाइराखेका छन् । "आयो आप गयो झटारो" को रूपमा कार्यकर्ताहरू प्रस्तुत भइरहेका छन् । केही उम्मेदवारहरूलाई कसैको विषयमा केही राम्रो कुरा बोलिदिनुस् भन्दा एक मिनेट पनि बोल्न सक्दैनन्, तर कसैका बारे नकारात्मक कुरा गर्नुपरे वा कसैलाई गाली गर्नु परे घन्टौं सम्म बोल्न सक्छन् । गाली गर्नलाई सोच्नु पर्दैन र अध्ययन पनि गर्नु पर्दैन, बरु यसमा आफूलाई क्रान्तिकारी देखिएको ठान्छन् । केही वर्ष यता हाम्रो समाजलाई नकारात्मक कर्मको भण्डार बनाइएको छ र हामीलाई यही संस्कारमा हुर्किन बाध्य पारिँदैछ । यी सबै कुरा बुझी, नागरिकहरूले आफैबाट सकारात्मक परिवर्तन सुरु गरेमा मात्र समाज का यस्ता समूहहरू विलय भएर जान्छन् ।

गिरिजाप्रसाद कोइरालाका राम्रा-नराम्रा बानीमध्ये एउटा बानी अत्यन्त राम्रो थियो–उहाँ कम बोल्नुहुन्थ्यो । मिडियामा आउन रुचाउनु हुँदैनथ्यो, मिडियासँग धेरै अन्तरक्रिया पनि गर्नु हुँदैनथ्यो । त्यसैले गिरिजाबाबुको अन्तर्वार्ता आउँदै छ भन्ने खबर आयो भने प्रत्येक नागरिक उत्सुकतापूर्वक पर्खेर बस्थे–उहाँले के बोल्नुहुन्छ भनेर । उहाँ विराटनगर जानुभयो भने पनि अब गिरिजाबाबुले के राजनीतिक कुरा गर्दै हुनुहुन्छ भन्ने जिज्ञासा देशभर फैलिन्थ्यो । जथाभाबी नबोल्ने र कम बोल्ने भएकाले उहाँको बोलीमा वजन थियो ।

माओवादीसँग शान्ति वार्ता चलिरहेको बेला उहाँ र प्रचण्डबिच फाटो ल्याउने उद्देश्यले केही समूहले गिरिजाबाबुलाई कुरा लगाउने गर्थे, अनि प्रचण्डले तपाईंका बारेमा यो भने, त्यो भने भनेर, वार्ता बिथोल्न खोज्थे । त्यसको जवाफमा गिरिजाबाबु भन्नुहुन्थ्यो, प्रचण्डले बाहिर के भन्छन् मलाई थाहा छैन, मेरो सामुन्ने त्यस्तो केही भन्नुभएको छैन । योभन्दा उत्तम जवाफ के हुन सक्छ ? यो राजनीतिक परिपक्वताको उदाहरण हो । कुनै बेला शेरबहादुर देउवाले गगन थापालाई लक्षित गर्दै भन्नुभएको थियो–"धेरै बोले आफैँ सिद्धिन्छ, कम बोले अरू सिद्धिन्छ ।" हुनसक्छ त्यसैले उहाँले देशलाई कसरी अगाडि बढाउने भन्ने विषयमा राजनैतिक बहस अन्तर्वार्ता वा महत्त्वपूर्ण सार्वजनिक सम्बोधन नै नगरी चुपचाप नेपाली कांग्रेसको सभापतिको कार्यकाल पूरा गरी बिदा लिनुभयो । उहाँको यो राजनैतिक शैली सही या गलत भएको कुराको मूल्याङ्कन जनताले नै गर्नेछन् । सम्भवतः यी दुवै नेताको अनुभवलाई आत्मसात् गर्दै बालन शाहले पनि कम बोल्ने नीति अपनाउनुभएको हुन सक्छ ।

प्रधानमन्त्रीका उम्मेदवारहरूबिच बहस गराउनु राम्रो कुरा हो–यसमा कुनै विवाद छैन । तर कुनै नेताले बहस गर्दिनँ भने भन्दैमा बहस नै रोक्नु र बहसमाथि नै बहस गर्नु गलत हो । एउटा व्यक्तिले बहस गर्दैन भन्दैमा प्रश्न मर्नु हुँदैन । प्रश्नकर्ताले प्रश्न सोध्न छोड्नु हुँदैन । प्रश्न मरे प्रजातन्त्र मर्छ । त्यसैले अन्य प्रधानमन्त्रीका उम्मेदवारहरूलाई ल्याएर बहस गराउनुस्–प्रजातन्त्रलाई जीवित राख्नुस् ।

तर आजको वास्तविकता के हो भने, अधिकांश जनता बहस सुन्ने पक्षमा छैनन्, किनकि कसले के बोल्छ भन्ने कुरा उनीहरूलाई पहिले नै थाहा छ । बहसको क्रममा प्रश्न गर्दा जसले जे प्रश्न गरिदिए पनि हुन्छ, प्रश्न गर्नु जस्तो सजिलो केही छैन, जवाफदेहिता केही हुँदैन । तर विडम्बना, हाम्रा समाज भने बिना जबाफदेहीताका त्यस्ता प्रश्नकर्ताहरूलाई महान् ठान्छन् । कुनै नेताले सार्वजनिक बहस किन गरेन, गर्नुपर्थ्यो कि पर्दैनथ्यो भन्ने प्रश्नका साथै जेनजीको हत्यारा को हो, सिंहदरबार किन जल्यो र कसले जलायो, यी घटनाहरूको जबाफदेहिता कसको – आदि सबै प्रश्नहरूको उत्तर आगामी निर्वाचनमा जनताले भोटमार्फत दिनेछन् । पुराना पार्टीहरूसँग जनताको घरदैलोमा लिएर जाने ठोस एजेन्डा नभएकाले उनीहरू विदेशी हस्तक्षेपको कुरा उठाइरहेका छन् । आगामी चुनावमा विदेशीले सहयोग गरेको पार्टी वा उम्मेदवारले जितेको खण्डमा विदेशीको कठपुतली सरकार बन्नेछ भनेर अनर्गल प्रचार गरिरहेका छन् । विदेशी हस्तक्षेपको नारा बनाएर भोट माग्ने चलन नेपालमा मात्र होइन, अन्य देशहरूमा पनि छ । तर अब यो अस्त्र काम लाग्दैन, नयाँ पुस्ताले धेरै कुरा बुझिसकेका छन् । ठुला राष्ट्रहरूलाई गाली गरेर न त राष्ट्रियता जोगिन्छ, न त भोट पाइन्छ । सत्य के हो भने नकारात्मक बोलीले परिणाम पनि नकारात्मक नै ल्याउँछ । बोल्दा परराष्ट्र नीतिको पनि ख्याल गर्नुपर्छ । कतै उग्र राष्ट्रवादको बोलीले नेपाली

– बाँकी पृष्ठ ३ मा

डेंगी ज्वरोको संक्रमणबाट बच्ने उपायहरु




गौशाला नगरपालिका
गौशाला, महोत्तरी

# चुनावमा वाचा, जितेपछि...

स्थानीयहरू आक्रोशित छन् ।
स्थानीय युवा मनिष कुमार महराले आक्रोश पोख्दै भने, 'हामी ८ वर्षदेखि सडकको धुलो खाँदै आएका छौं । मानिस बिरामी पर्न थाले, तर आजसम्म सडक बन्न सकेको छैन । हरेक चुनावमा यही सडकलाई एजेन्डा बनाएर मत मागिन्छ । अब हामीलाई नयाँ, इमानदार र काम गर्ने नेता चाहिएको छ ।' गोलबजार नगरपालिका, अर्नामा गाउँपालिका, सिरहा नगरपालिका लगायत आसपासका जम्दह, लालपुर, बेतौना, महनौर, बुदियाचाप, रामजानकी बजार, हरकट्टा, कैलपुर, हकपारा, कट्टिटोल, सिक्का ज्योती हुँदै लगदी-गदियानी बस्ती जोड्ने यो सडक नबन्दा करिब एक लाखभन्दा बढी नागरिक प्रत्यक्ष प्रभावित छन् । यस निर्वाचन क्षेत्रमा १ लाख १९ हजार मतदाता छन् । स्थानीयका अनुसार यो सडक निर्माण सम्पन्न भएमा व्यापार, शिक्षा, स्वास्थ्य सेवा र आवागमन सबै सहज हुने थियो । तर ८ वर्ष बित्दा पनि काम पुरा नहुँदा विकासप्रति जनताको विश्वास कमजोर बन्दै गएको छ । सिरहा क्षेत्र-३ का मतदाताहरू यसपटक अघिल्ला निर्वाचनभन्दा फरक निर्णय लिने मनस्थितिमा देखिन्छन् । उनीहरू भन्छन्- अब बाचा मात्रै सुन्ने समय सकियो । काम गरेर देखाउनेलाई मात्रै भोट दिन्छौं ।

# प्याब्सन मधेशको प्रदेश परिषद्...

भइरहेको आरोप लगाएका छन् । शिक्षा क्षेत्रको समग्र सुधारका लागि निजी र सामुदायिक विद्यालयबीच सहकार्य आवश्यक रहेकोमा भेलाले जोड दिएको छ ।
विभेदकारी नीति परित्याग गर्दै निजी विद्यालयको स्वायत्तता, शिक्षकको वृत्ति विकास र सामुदायिक-निजी सहकार्यलाई संस्थागत नगरेसम्म शिक्षा सुधार सम्भव नहुने निष्कर्षमा पुगेको छ । भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले शिक्षा क्षेत्रमा निजी विद्यालयहरुको योग्दान महत्वपूर्ण रहेको भन्दै प्रशंसा गरे ।
उनले शिक्षकमा राजनीतिक नियुक्तीकै कारण सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किएको टिप्पणी गरे ।
मुख्यमन्त्री यादवले राजनीतिक नियुक्तीबाट आएका शिक्षकहरुबाट शिक्षामा सुधार गर्न नसकिने उल्लेख गरे ।
'राजनीतिक नियुक्तीबाट आएका शिक्षकहरु प्राय कमजोर हुन्छन् । उहाँलाई निकाल्न पनि सक्दैनौं । त्यसलाई डण्डा देखाएर, चाबुक देखाएर पढाउन भन्न पनि सक्दैनौं । किनभने उहाँहरुसँग क्वालिटी नै छैन,' मुख्यमन्त्री यादवले भने 'समस्या छ । तर त्यो विस्तारै सुधार हुँदैछ । आयोगबाट शिक्षक आउँछन् । उहाँहरुमा क्वालिटी हुन्छ । उहाँहरूले स्तरीय शिक्षा दिन सक्नुहुन्छ भन्ने विश्वास छ ।' सरकारले ल्याएको शिक्षा ऐनमा त्रुटी रहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले त्यसलाई आउने सरकार र सदनले परिमार्जन गरेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । 'अहिले विचाराधीन ऐनमा प्राइभेट-पब्लिक पार्टनरशीपको अवधारणा स्पष्ट छैन । त्यो भयो भने सबै विद्यार्थी बालबालिकाको भविष्य सुरक्षित हुन्छ,' उनले भने ।
कृषिलाई पहिलो प्राथमिकतामा राखेको बताउँदै आएका मुख्यमन्त्री यादवले कृषिपछि शिक्षा आफ्नो दोस्रो प्राथमिकतामा रहेको उल्लेख गरे ।
'मधेश कृषिमा निर्भर छन् । त्यसमा उत्पादन कसरी बढाउने भन्नेमा हाम्रो मुख्य ध्यान छ,' मुख्यमन्त्री यादवले भने ' पढ्नअघि पेटमा अन्न चाहिन्छ । भोकै पढ्न सकिँदैन ।'
राज्यको नीतिकै कारण नेपाल विदेशी लगानीकर्ताको रोजाईमा नपर्दा रोजगारीको समस्या बढेको उनले जिकिर गरे ।
'ठुला उद्योग कलकारखाना स्थापना र सञ्चालन गर्न सरकारसँग क्षमता छैन । यहाँको नीतिकै कारण विदेशी लगानीकर्ता आउँदैनन् । त्यसले बेरोजगारी बढाएको छ,' मुख्यमन्त्री यादवले भने 'ऐन कानुन संशोधन गरेरै भएपनि विदेशी लगानीकर्ता भित्र्याउने वातावरण बनाउनुपर्छ ।'

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६
thepublictoday2070@gmail.com

# चुनावमा उग्र राष्ट्रवाद होइन...


जनताले दुःख नपाउन् । एक जना राजनीतिक विश्लेषकले भन्नुभएको थियो–उग्र राष्ट्रवादको नाराले देशलाई दुर्गतितिर लैजान सक्छ । आज नेपाली जनताले विश्व राजनीति राम्रोसँग बुझिरहेका छन् । शक्तिशाली राष्ट्रका राष्ट्रपति देशैबाट गायब हुने अवस्था छ, गाजा भूमि नक्साबाट मेटिने अवस्थामा पुगेको छ, ग्रीनल्यान्ड कब्जा गर्ने कुरा उठिरहेको छ, युक्रेन र ताइवानलाई आफ्नो अस्तित्व जोगाउन गाह्रो भइरहेको छ । इरानमा हजारौं प्रदर्शनकारी मारिएका छन् र उसमाथि आक्रमणको चेतावनी आइरहेको छ । यस्तो अवस्थामा सामाजिक सञ्जालमा शक्तिशाली मित्र राष्ट्रहरूविरुद्ध उत्तेजक पोस्ट र भाषण गरेर राष्ट्रियता जोगिँदैन ।
यदि साँच्चै विदेशी हस्तक्षेप भएको हो भने, प्रत्येक चुनावी आमसभामा कुन-कुन शक्ति राष्ट्रले हाम्रो आन्तरिक मामिलामा खेलिरहेका छन्, जनतालाई यी राष्ट्रहरूको नामै किटेर भनिदिनु पर्‍यो । त्यसपछि जनताले तपाईं सच्चा राष्ट्रवादी भए नभएको मूल्याङ्कन गर्नेछन् । इतिहास हेरौँ–राजा त्रिभुवनलाई भारतले ल्याएर सिंहासनमा राखेको थियो । स्वतन्त्र नेपाललाई विश्व मानचित्रमा मजबुत बनाउन अमेरिकाले सहयोग गरेको थियो । गणतन्त्र ल्याउन १२ बुँदे सम्झौता दिल्लीमा भयो । सशस्त्र द्वन्द्वकालमा माओवादी नेताहरू भारतमा सुरक्षित थिए । नाकाबन्दीका बेला चीनले सहयोग गर्‍यो । सरकार बनाउने र भत्काउने बेला उत्तर र दक्षिण दुवैतर्फ हाम्रा नेताहरूको भ्रमण नेपाली जनताले देखेकै छन् । यी सबै विदेशी हस्तक्षेप थिए कि मित्रराष्ट्रहरूको सहयोग ? सद्भाव वा रणनीतिक सम्बन्ध ? हामीजस्तो कमजोर राष्ट्रका लागि वार्ता, संवाद, सद्भाव र सहयोग नै सबैभन्दा प्रभावकारी अस्त्र हुन् । राष्ट्रियता जोगाउन सन्तुलित परराष्ट्र नीति आवश्यक छ । सामाजिक सञ्जालमा लेखेर न त राष्ट्रवादी भइन्छ, न त राष्ट्रियता नै जोगिन्छ–यो त केवल आक्रोश पोख्ने र मित्र राष्ट्रहरूलाई उत्तेजित गर्ने रणनीति मात्र हो ।
जेनजी विद्रोहको दिन दिल्लीमा भारतीय राष्ट्रिय सुरक्षा परिषद्को बैठक बस्यो । यसलाई हाम्रा राजनीतिक विश्लेषकहरूले अर्थपूर्ण रूपमा व्याख्या गरे । त्यसको केही दिनपछि एक भूतपूर्व नेपाली सैनिक जर्नलले नेपाल भारतका लागि मभाभलकष्खभ कतबतभ हो भन्दै, भारतले आफ्नो राष्ट्रिय सुरक्षामा खतरा देखे जे पनि गर्न सक्छ भनेका थिए । अर्कोतिर विश्व बैंक, संयुक्त राष्ट्रसंघ, विश्व स्वास्थ्य संगठन, युनिसेफ, युरोपियन युनियन, अन्तर्राष्ट्रिय अदालतलगायत थुप्रै अन्तर्राष्ट्रिय संस्थामा अमेरिकाको प्रभुत्व छ । यस्तो अवस्थामा अमेरिकालाई चिढाएर "सुखी नेपाली, समृद्ध नेपाल" कसरी सम्भव हुन्छ ?
विदेशी राष्ट्रको नामै नलिई विदेशी हस्तक्षेप भयो भनेर प्रपोगाण्डा गर्नु चुनावअघिको हताश मनोविज्ञानको द्योतक हो । यसले बाल्यकालमा पढेको एउटा कथाको सम्झना दिलाउँछ– एउटा चलाक स्याल राति बाघ आयो, बाघ आयो, भनेर, कराउँथ्यो र त्यो सुनी गाउँलेहरू सबै घरभित्र लुकेर बस्थे । बाघको डर देखाएर स्यालले कुखुरा चोरेर लान्थ्यो । यो प्रक्रिया नियमित चलिरहेको थियो तर एक दिन साँच्चै बाघ आयो र स्यालले बाघ आयो भनेर मद्दत माग्दा, उसलाई बचाउन कोही आएनन् । पुराना पार्टीहरूले पनि वर्षौंसम्म राष्ट्रियताको खतरा, लोकतन्त्र अपहरण र विदेशी हस्तक्षेप को डर देखाएर देश लुटे । अहिले साँच्चै नयाँ शक्तिहरू बाघका रूपमा उदाइरहेका छन् । चुनाव अन्तिम चरणमा पुग्दासमेत केही समूहहरू चुनाव टार्ने प्रयासमा संसद् पुनर्स्थापनाको कुरा उठाइरहेका छन्, अदालतमा दबाब र मिडिया ट्रायल गरिरहेका छन् । अर्कोतर्फ चुनावपछि बन्ने सरकारको सम्भावित संरचनाले केही समूहहरूलाई असहज बनाएको छ र ती समूहहरू पनि चुनाव भाड्न लागि परेका छन् । वर्षातमा आएको पानीको भल रोक्न खोज्दा किनार लाई समेत भत्काएर लग्दछ भने जस्तै चुनावको जनलहरलाई रोक्न खोज्दा विद्रोहको ज्वारभाटा निस्किन सक्छ । मानिस जन्मिएपछि बाँच्नुपर्छ, सुरक्षित हुनुपर्छ, अनुशासित जीवन बिताउनुपर्छ र अन्ततः समाजको विश्वास र प्रतिष्ठा कमाउनुपर्छ । पुराना केही नेताहरूले विश्वास गुमाइसकेको अवस्थामा, नयाँ शक्तिमाथि र नयाँ नेतृत्वमाथि जति आरोप लगाए पनि जनता झन् झन् उनीहरूकै पक्षमा ढाल बनेर उभिइरहेका छन् ।
अन्त्यमा पार्टीहरूलाई यत्ति भन्न चाहन्छु–एउटा चुनाव हार्दैमा आकाश खस्दैन, प्रजातन्त्र समाप्त हुँदैन, देश सकिँदैन । नानीमैयाँ दाहाल, प्रचण्ड र केपी ओलीका पार्टीहरूले पनि विभिन्न समयमा जनताको बहुमत पाए कै हुन् । त्यसैले यो असहज घडीमा सबै मिलेर निष्पक्ष चुनाव सम्पन्न गरौं र परिणाम स्वीकार गर्ने परिपक्वता देखाऔं । यसैमा देश, जनता र लोकतन्त्रको कल्याण हुनेछ । रातोपाटी

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# सुविधा र रोजगारी खोज्दै...

थिए ।
बसाइँ सरेर आउनेमध्ये अधिकांश सुदूरपश्चिमका पहाडी जिल्ला डडेल्धुरा, बैतडी र दार्चुलाका रहेका छन् । त्यसपछि अछाम, बझाङ र बाजुराबाट आउनेको सङ्ख्या उल्लेख्य छ । बसाइँसराइ गर्नेमा अधिकांश पहाडी समुदायका नागरिक रहेका छन् भने आदिवासी थारु समुदायको सहभागिता भने निकै न्यून रहेको छ ।
यता, नगरपालिकाबाट अन्यत्र बसाइँ सरेर जानेहरूको सङ्ख्या पनि पछिल्लो वर्ष बढेको छ । आव २०७९/८० मा ३८८ र २०८०/८१ मा ३५४ जना बाहिरिएकोमा आव २०८१/८२ मा यो सङ्ख्या बढेर ५२२ पुगेको छ । यद्यपि, बाहिरिनेको तुलनामा भित्रिनेको सङ्ख्या झण्डै दोब्बर बढी देखिन्छ । पहाडी क्षेत्रमा विद्यालय, स्वास्थ्य संस्था र सडक सञ्जालको पहुँच विस्तार भए पनि आर्थिक आत्मनिर्भरता र रोजगारीका अवसर नहुँदा बसाइँसराइ बढेको नगरपालिकाका नगर प्रवक्ता लालबहादुर ऐर बताउछन् ।
"पहाडमा आधारभूत सेवा त पुगेका छन्, तर जीविकोपार्जनका लागि उद्योग, कलकारखाना र पर्याप्त कृषि आम्दानीको अभाव छ", उनले भने, "त्यसैले मानिसहरू सहज जीवनयापन र अवसरको खोजीमा बजार र सडक पहुँच भएका क्षेत्रतर्फ केन्द्रित भइरहेका छन् ।" अव्यवस्थित बसाइँसराइका कारण तराई क्षेत्रमा जनघनत्व बढ्नेक्रम जारी रहेकाले खेतीयोग्य जमिन खण्डीकरण हुने र सहरी सेवामाथि चाप पर्ने चुनौती थपिँदै गएको उनको विश्लेषण रहेको छ । रासस


पब्लिक टुडे पब्लिकेशन प्रा.लि. प्रस्तुत गर्दछ
रेडियो पब्लिक
९३.३ मेगाहर्ज
विकास र समृद्धिका लागि जन आवाजको प्रतीक
गौशाला न.पा.–१ रामनगर, महोत्तरी
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
radiopublic93.3mhz@gmail.com
हामीलाई यहाँबाट पनि सुन्न सक्नुहुनेछ
हाम्रो पात्रो
LIVE
www.thepublictoday.com
सल्लाह सुझाव र प्रतिक्रियाको लागि सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# मधेश प्रदेशमा मदरसा शिक्षा विधेयक पारित गर्न माग

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ १७ गते ।**
मधेश प्रदेशसभाको शनिबार बसेको बैठकमा मदरसा शिक्षा विधेयकलाई पारित गर्न माग गरिएको छ । मुस्लिम समुदायको शिक्षण व्यवस्थापन र सुदृढीकरणका लागि मदरसा शिक्षा विधेयकलाई अघि बढाउनु आवश्यक रहेको भन्दै मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा नेकपा एमालेका सांसद सरोज यादवले यसप्रति सरकारको दृष्टिकोण स्पष्ट गर्न माग गरे ।

'मेरो नेतृत्वको सरकारले यस विधेयकलाई सैद्धान्तिक सहमति दिएको थियो तर वर्तमान सरकार यस विषयमा मौन भएको छ । के मुस्लिम समुदाय यस प्रदेशका बासिन्दा होइनन्, यस देशका नागरिक होइनन्,' सांसद यादवले भने, 'यस विधेयकलाई किन अड्काएर राखिएको छ । त्यसप्रति सरकारको स्पष्ट धारणा माग गर्छु ।'



मधेश प्रदेश सरकारका पहिलो मुख्यमन्त्री लालबाबु राउतको पालामा मदरसा शिक्षा बोर्ड गठनसम्बन्धी विधेयक १४ भदौ २०७५ मा प्रदेशसभा सचिवालयमा दर्ता गराइएको थियो । विधेयकमाथि प्रदेशसभामा सैद्धान्तिक छलफलपछि २०७५ मंसिरमा महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा विशेष छलफलका लागि पठाइएको थियो । तर, समितिमा पठाइएको सात वर्षपछि गत मंसिर १६ गते सरोज यादव नेतृत्वको मन्त्रिपरिषदको बैठकले विधेयकलाई सैद्धान्तिक सहमति दियो ।

मधेश प्रदेशमा १२ प्रतिशत मुस्लिम समुदायको बसोबास रहेको छ । २०१२ देखि २०२८ सालसम्म नेपालमा प्राथमिक तहको मदरसा शिक्षालाई राज्यले मान्यता दिएको थियो । तर, २०२८ सालमा नयाँ शैक्षिक नीति ल्याइएपछि त्यसलाई खारेज गरिएको थियो ।

मधेश प्रदेशको मदरसा शिक्षा बोर्ड गठनसम्बन्धी विधेयकको मूल उद्देश्य मदरसा शिक्षालाई राज्यको मूलधारको शिक्षामा समावेश गर्नु रहेको छ । शिक्षामा पछाडि परेका मुस्लिम समुदायका बालबालिकाहरूका लागि मदरसा शिक्षालाई आधुनिक शिक्षासँग जोड्दै नेपाली, विज्ञान, अंग्रेजी, कम्प्युटर लगायतका विषयको अध्ययन-अध्यापनको विषय विधेयकमा जोडिएको छ । यस बोर्डले प्रदेशभित्र रहेका मदरसाको अनुगमन गर्ने, मदरसा अध्ययनरत विद्यार्थीको परीक्षा लिने तथा नयाँ मदरसाको अनुमति दिन सक्ने व्यवस्था गरिएको छ ।

बोर्डले आफ्नो नाममा सम्पत्ति खरिद/बिक्री गर्न सक्ने तथा दातृ संस्थाहरूबाट सहयोग लिन सक्ने समेत विधेयकमा व्यवस्था गरिएको छ भने बोर्डमा अध्यक्षसहित ४ जना सदस्य रहने र पदेन सदस्यमा समाज कल्याण मन्त्रालयका उपसचिव रहने उल्लेख छ ।

# विद्युतीय सवारीसाधनको आयातमा वृद्धि

**वीरगञ्ज, माघ १७ गते ।**
चालु आर्थिक वर्षको पहिलो छ महिनामा वीरगञ्जबाट रू एक अर्ब ३६ करोड २९ लाख मूल्य बराबरका ४५६ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । गत आवको छ महिनाको तुलनामा चालु आवमा सङ्ख्याको आधारमा विद्युतीय सवारीसाधनको आयात ३३२ ले बढेको छ । चालु आवको छ महिनामा विद्युतीय सवारीसाधनको आयातबाट मात्रै रू ८७ करोड ८४ लाख राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षमा यो नाका हुँदै विद्युतीय सवारीसाधनको आयात बढेसँगै राजस्व सङ्कलन पनि बढेको बताए । गत आवको छ महिनामा




भने रू ३० करोड २६ लाख मूल्यका १२४ विद्युत्बाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो । ती सवारीसाधनको आयातबाट रू २४ करोड २९ लाख राजस्व सङ्कलन भएको थियो । वीरगञ्ज नाका हुँदै चालु आवको छ महिनामा रु ९३ करोड मूल्यका इन्धनबाट चल्ने ४३४ जिप, कार र भ्यान आयात भएको छ । ती सवारीसाधनको आयात हुँदा दुई अर्ब ५६ करोड राजस्व सङ्कलन भएको छ । गत आवको छ महिनामा भने रू एक अर्ब १७ करोड मूल्यका ५९२ इन्धनबाट चल्ने जिप कार र भ्यान आयात भएका थिए । गत आवको छ महिनामा ती सवारीसाधनको आयातबाट रू तीन अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो । रासस

# मधेस आन्दोलनकै बलिदानीले आरक्षण सुनिश्चित भएको हो : उपेन्द्र यादव

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १७ गते ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी, महिला, दलित, आदिवासी, जनजाती, थारू, मुस्लिम, पिछडावर्ग र अल्पसङ्ख्यक समुदायको आरक्षण मधेस आन्दोलनकै कारण सुनिश्चित भएको बताएका छन् । प्रतिनिधिसभा सदस्य सप्तरी-३ का उम्मेदवारसमेत रहेका यादवले शनिबार विष्णुपुर गाउँपालिका-३ मुहर्नियामा आयोजित चुनावी छलफल तथा भेटघाट कार्यक्रममा सम्बोधन गर्दै आन्दोलन र उपलब्धिबारे चर्चा गरे ।

उनले तत्कालीन मधेसी जनाधिकार फोरमले संघर्षबाट प्राप्त अधिकार र अवसरको स्मरण गर्दै अझै बाँकी अधिकारका लागि संघर्ष आवश्यक रहेको बताए । यादवले भने, 'पार्टीको मजबुतिकरणमात्र शोषित तथा उत्पीडित जाति, वर्ग र समुदायको अधिकार सुनिश्चित गराउन सकिन्छ ।'

अध्यक्ष यादवले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय, कृषि र उद्योगको विकास आवश्यक रहेकोमा जोड दिँदै अधिकार प्रयोग गर्न सक्षम हुनुपर्ने बताए । उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउने चुनौतीमा आमजनताको सजगता आवश्यक रहेको पनि स्मरण गराए । कार्यक्रममा जसपा नेपालका नेता तथा पूर्वमन्त्री रेणु कुमारी यादव, केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साह, समानुपातिक उम्मेदवार चुल्हाइ मण्डल, मानती सदा, स्वस्तिका चौधरी लगायतले मन्तव्य व्यक्त गरे ।

# सुविधा र रोजगारी खोज्दै पहाडबाट तराई झर्ने बढे

**कञ्चनपुर :** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पछिल्ला वर्षहरूमा पहाडी जिल्लाबाट बसाइँ सरेर आउनेहरूको सङ्ख्या निरन्तर बढ्दो छ । सडक, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत पूर्वाधार पहाडी क्षेत्रमा पुगे पनि पर्याप्त रोजगारी र सहज जीवनयापनको अभावका कारण तराई झर्ने क्रम नरोकिएको हो ।

नगरपालिकाको सूचना तथा प्रविधि शाखाको तथ्याङ्कअनुसार पछिल्ला तीन आर्थिक वर्षमा शुक्लाफाँटामा कूल तीन हजार ४५ जना बसाइँ सरेर आएका छन् । आव २०७९/८० मा एक हजार १२ जना नगरपालिकामा भित्रिएका थिए । सो सङ्ख्या २०८०/८१ मा घटेर ९३५ मा सीमित भए पनि आव २०८१/८२ मा पुनः बढेर एक हजार ९८ पुगेको छ ।

बसाइँ सरेर आउनेहरूको आकर्षण मुख्यतया बजार क्षेत्र र बजार विस्तार हुँदै गरेका वडातर्फ केन्द्रित देखिन्छ । सूचना तथा प्रविधि शाखा प्रमुख लोगराज भट्टका अनुसार वडा नम्बर ८, १० र ११ मा जनघनत्व तीव्र रूपमा बढेको छ । वडागत विवरण अनुसार आव २०८१/८२ मा वडा नम्बर ८ मा सबैभन्दा बढी १६४ जना बसाइँ सरेर आएका छन् । वडा नम्बर ११ मा १३५, वडा नम्बर ७ र ५ मा समान १२५ तथा वडा नम्बर १० मा ११८ जना भित्रिएका छन् । यसअघिल्लो आव २०८०/८१ मा भने वडा नम्बर ८ मा सबैभन्दा बढी १९७ जना बसाइँ सरेर आएका

*- बाँकी पृष्ठ ३ मा*

# कम्युनिष्ट एकता आजको आवश्यकता हो : प्रचण्ड

**काठमाडौँ :** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ राष्ट्रिय शक्तिको आवश्यकता महसुस गरेर नै कम्युनिष्ट पार्टीबीचको एकता बढाइएको बताएका छन् ।



सोलु-काठमाडौँ सम्पर्क समन्वय समितिले आज आयोजना गरेको 'निर्वाचन विशेष तथा बृहत् भेला'लाई सम्बोधन गर्दै उहाँले राष्ट्रिय स्वाधिनताको रक्षा तथा वैदेशिक षडयन्त्रलाई परारस्त गर्न नेपाली कम्युनिष्ट पार्टी निर्माण गरिएको बताए । "विभिन्न कम्युनिष्ट पार्टी तथा सामाजवादी घटकबीच एकता गरेर राष्ट्रिय शक्ति निर्माण गर्ने र निर्वाचनमार्फत जनअपेक्षा पूरा गर्ने सङ्कल्पका साथ पार्टी एकता गरिएको हो", संयोजक दाहालले भने । उनले असाधारण परिस्थितिमा हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपाका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे । रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री